# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## फारुलाचौर, सल्यान

प.स. : ०७७/०७८
च.नं. :

कर्णाली प्रदेश
नेपाल

www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com

मिति : २०७८/०३/०८

## नवौं गाउँ सभा

उपस्थिति विवरण

| क्र.स. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | श्री निमबहादुर के. सी. | अध्यक्ष | | |
| २ | श्री टीका शर्मा, ओली | उपाध्यक्ष | | |
| ३ | श्री अमृत खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | अमृता वि.क. | सभा सदस्य | | |
| ५ | इन्द्रबहादुर थापा कामी | सभा सदस्य | | |
| ६ | कविकुमार चन्द | सभा सदस्य | | |
| ७ | कमला कामी | सभा सदस्य | | |
| ८ | चन्द्रबहादुर रावत | सभा सदस्य | | |
| ९ | जयकली वि.क. | सभा सदस्य | | |
| १० | जुना मल्ल चन्द | सभा सदस्य | | |
| ११ | टिउकी कामी | सभा सदस्य | | |
| १२ | डिल्लीबहादुर केसी | सभा सदस्य | | |
| १३ | दुर्गाबहादुर मल्ल | सभा सदस्य | | |

# दार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान

कर्णाली प्रदेश
नेपाल

प.स. : ०७७/०७८
च.नं. :

www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com


## उपस्थिति विवरण

२०७८/०३/०८

| क्र.स. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १४ | देवी खत्री | सभा सदस्य | | |
| १५ | धनबहादुर बुढाथोकी | सभा सदस्य | | |
| १६ | धनीराम नेपाली | सभा सदस्य | | |
| १७ | धर्मे खत्री | सभा सदस्य | | |
| १८ | निमबहादुर खड्का | सभा सदस्य | | |
| १९ | पहलबहादुर खत्री | सभा सदस्य | | |
| २० | पुतला खड्का रोकाय | सभा सदस्य | | |
| २१ | पुष्पा सुनार | सभा सदस्य | | |
| २२ | विमला खत्री | सभा सदस्य | | |
| २३ | भूमा वि.क. | सभा सदस्य | | |
| २४ | मञ्जु शाही | सभा सदस्य | | |
| २५ | मोतीलाल ओली | सभा सदस्य | | |
| २६ | रत्नबहादुर विष्ट | सभा सदस्य | | |
| २७ | रामबहादुर के. सी. | सभा सदस्य | | |
| २८ | लोकबहादुर कामी | सभा सदस्य | | |
| २९ | सन्ताराम कामी | सभा सदस्य | | |
| ३० | सार्की खत्री | सभा सदस्य | | |

दार्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश
नेपाल
www.darmamun.gov.np
Email:darmagaunpalika@gmail.com

प.स. : ०७७/०७८
च.नं. :

## उपस्थिति विवरण

२०७८/०३/०८

| क्र.स. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| ३१ | सुदीप के.सी. | सभा सदस्य | | |
| ३२ | सेतीराम रोकाहा | सभा सदस्य | | |
| ३३ | हिरा खड्का | सभा सदस्य | हिरा | |
| ३४ | शेरप्रसाद ढकाल | सचिवालय सदस्य | | |
| ३५ | यज्ञबहादुर बस्नेत | सचिवालय सदस्य | | |
| ३६ | दिपक कुवर | सचिवालय सदस्य | | |
| ३७ | खुमबहादुर के.सी. | सचिवालय सदस्य | | |
| ३८ | हस्तराम खड्का | सचिवालय सदस्य | | |
| ३९ | सन्देश के.सी. | सचिवालय सदस्य | | |
| ४० | हेमन्त थापा | सचिवालय सदस्य | | |
| ४१ | लोकेन्द्र विश्वकर्मा | सचिवालय सदस्य | | |
| ४२ | यज्ञबहादुर नेपाली | सचिवालय सदस्य | | |

दार्मा गा.पा.को कार्यालय फारुलाचौर सल्यानको आ.ब. २०......./२०........ को स्वीकृत
..........................................कार्यक्रम सञ्चालनका लागि हामी तपसिलका ............................................ चौमासिक
........................ शाखाबाट तपसिल अनुसारका ........................सामग्रीहरु बुझिलिई यो भरपाइमा सहीछाप गरिदियौं।
इति संवत् २०७...... साल ........................महिना ........गते रोज ........शुभम्।

| क्र.सं. | बुझ्नेको नाम | ठेगाना | सामग्रीको नाम | स्पेसिफिकेसन | परिमाण | दस्तखत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | दुर्गा बहादुर मल्ल | दार्मा-३ | डायरी+थैत | | १/१ थान | [illegible] | | |
| २. | चन्द्र बहादुर रावत | दार्मा-४ | '' | | '' | [illegible] | | |
| ३. | राम बहादुर के.सी. | दार्मा-५ | '' | | '' | [illegible] | | |
| ४. | खत्रिराम रोकाया | दार्मा-३ | '' | | '' | [illegible] | | |
| ५ | पहल बहादुर खत्री | दार्मा-३ | '' | | '' | [illegible] | | |
| ६ | अम्रिता कामी | दार्मा-२ | | | | [illegible] | | |
| ७. | हिरा खड्का | दार्मा-५ | | | | हिरा | | |
| ८ | त्रिम बहादुर खड्का | दार्मा-५ | | | | [illegible] | | |
| ९ | जयकली वि.क. | दार्मा-५ | | | | [illegible] | | |
| १०. | धर्मे खत्री | दार्मा-२ | | | | [illegible] | | |
| ११. | मोतिलाल वली | दार्मा-३ | | | | | | |
| १२ | इन्द्र बहादुर थापा कामी | दार्मा-३ | | | | [illegible] | | |
| १३ | कमला कामी | दार्मा-३ | | | | [illegible] | | |
| १४ | टिउकी कामी | दार्मा-४ | | | | [illegible] | | |
| १५ | गुना मल्ल चन्द | दार्मा-४ | | | | [illegible] | | |
| १६ | डिल्ली बहादुर के.सी. | दार्मा-२ | | | | [illegible] | | |
| १७ | देवी खत्री | दार्मा-३ | | | | देवि | | |

बुझाउनेको दस्तखत :

नाम :

पद :

दार्मा गा.पा.को कार्यालय फारुलाचौर सल्यानको आ.ब. २०......./२०........ को स्वीकृत .............................. चौमासिक ................................ कार्यक्रम सञ्चालनका लागि हामी तपसिलका ........................................ शाखाबाट तपसिल अनुसारका ........................ सामग्रीहरु बुझिलिई यो भरपाइमा सहीछाप गरिदियौं । ........................ दार्मा गाउँपालिका, इति संवत् २०७...... साल ...................... महिना ........ गते रोज ........ शुभम् ।

| क्र. सं. | बुझ्नेको नाम | ठेगाना | सामग्रीको नाम | स्पेसिफिकेसन | परिमाण | दस्तखत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १८ | छत्र बहादुर कुँवाथोकी | दार्मा-४ | डायरी + पेन |  | १+१ थान |  |  |  |
| १९ | छत्रिराम नेपाली | दार्मा-३ | ,, + ,, |  | ,, ,, | [signature] |  |  |
| २० | पुतला खड्का रोकाय | दार्मा-१ | ,, + ,, |  | ,, ,, | [signature] |  |  |
| २१ | पुष्पा सुनार | दार्मा-३ | ,, + ,, |  | ,, ,, | [signature] |  |  |
| २२ | बिमला खत्री | दार्मा-२ | ,, ,, |  | ,, ,, |  |  |  |
| २३ | भुमा वि.क. | दार्मा-१ | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २४ | मञ्जु शाही | दार्मा-३ | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २५ | रत्न बहादुर बिष्ट | दार्मा-१ | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २६ | लोक बहादुर कार्की | दार्मा-४ | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २७ | सन्तोराम कार्की | दार्मा-2 | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २८ | साङी खत्री | दार्मा-2 | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| २९ | सुदिप के.सी. | दार्मा-२ | ,, ,, |  | ,, ,, | [signature] |  |  |
| ३० | शेरप्रसाद ढकाल |  |  |  |  |  |  |  |
| ३१ | अमृत खड्का |  |  |  |  | [signature] |  |  |
| ३२ | यज्ञ बहादुर बस्नेत |  |  |  |  |  |  |  |
| ३३ | दिपक कुवर |  |  |  |  |  |  |  |
| ३४. | खुम बहादुर के.सी. |  |  |  |  |  |  |  |

बुझाउनेको दस्तखत :

नाम :

पद :

दार्मा गा.पा.को कार्यालय फारुलाचौर सल्यानको आ.ब. २०......./२०........ को स्वीकृत ..............................चौमासिक ..........................................कार्यक्रम सञ्चालनका लागि हामी तपसिलका ............................................ दार्मा गाउँपालिका, ...................... शाखाबाट तपसिल अनुसारका ..........................सामग्रीहरु बुझिलिई यो भरपाइमा सहीछाप गरिदियौं ।

इति संवत् २०७...... साल .......................महिना .......गते रोज ........शुभम् ।

| क्र. सं. | बुझ्नेको नाम | ठेगाना | सामग्रीको नाम | स्पेसिफिकेसन | परिमाण | दस्तखत | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३२ | इस्लराम खड्का | | | | | [signature] | | |
| ३३ | सन्देश के०सी० | | | | | | | |
| ३८ | हेमन्त ब० थापा | | | | | [signature] | | |
| ४० | लोकेन्द्र विश्वकर्मा | | | | | | | |
| ३९ | धन बहादुर नेपाली | | | | | [signature] | | |
| | | | | | | [signature] | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

बुझाउनेको दस्तखत :

नाम :

पद :

प्रस्तावहरु

१. आ.व. २०७८।०७९ को लागि नीति तथा कार्यक्रम सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा सातौ गरिमामय गाउँसभामा गाउँभा अध्यक्ष श्री निमबहादुर के.सी. ज्यूबाट प्रस्तुत गरिएको समिक्षा सहितको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रमलाई थप अध्ययन र छलफलको लागि गाउँसभा सदस्यहरुलाई विभिन्न समुहमा विभाजन गरी समुहगत अध्ययन छलफल र विश्लेषण गरी / गराइ आ.व. २०७८।०७९ को लागि प्रस्ताव गरिएको नीति तथा कार्यक्रममा सामान्य संसोधान सहित सर्वसम्मतिले पारित गरियो।.

# आर्थिकवर्ष२०७८/०७९कोनीतितथाकार्यक्रम

दार्मागाउँपालिका

सल्यान

कर्णालीप्रदेश

२०७८

# गाउँसभाकोबैठकमामिति२०७८असार८गतेमङ्गलबार
## अध्यक्षश्रीनिमबहादुरके.सी.ज्यूद्वारा
## प्रस्तुत

## आर्थिकवर्ष२०७८/०७९
## को
# नीतितथाकार्यक्रम

# दार्मागाउँपालिका
# सल्यान
# कर्णालीप्रदेश
# २०७८

**दार्मा गाउँपालिकाको यस गरिमामय गाउँ सभाका सदस्यहरू,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्न जननिर्वाचित संविधानसभाबाट घोषणा भएको नेपालको संविधानबमोजिम गठित दार्मा गाउँपालिकाका जनताको प्रतिनिधिमूलक यस गरिमामय सभामा दार्मा गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जनयुद्ध, जनआन्दोलन, प्रदेश प्राप्ति लगायतका आन्दोलनहरूमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान सहिदहरूप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । यसक्रममा बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति, सहिद परिवार र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३ विश्वब्यापी रुपमा फैलिएको नयाँ भेरियन्टसहितको कोरोना भाइरस (कोभिड–१९) को महामारीले विश्व समुदायलाई आक्रान्त बनाएको छ । कोरोनाका कारण जीवन गुमाएका चार जना दार्मा गाउँपालिका वासी नागरिकसहित सबै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । शोकाकुल परिवारजनमा गहिरो समवेदना प्रकट गर्दछु । साथै, संक्रमित सबैको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यस विषम महामारीबाट जीवनरक्षाका लागि दार्मा गाउँपालिकाले लिइएको नीति, कार्यक्रम र योजना कार्यान्वयका लागि अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्य कर्मी, सुरक्षाकर्मी, स्वयंसेवक, जनप्रतिनिधि, कर्मचारी, आम जनसमुदाय र आर्थिक तथा भौतिक रुपमा सहयोग गर्ने सबै सहयोगी महानुभावहरूलाई धन्यवाद दिदै थप सतर्कता र संयमता अपनाउन समेत अपिल गर्दछु ।

४. २०७७ जेठ ३१ गतेको बाढीका कारण मृत्यु भएका दार्मा -४ रतिखोलाका ४० वर्षीय वीरबहादुर वि.क. मृत्युप्रति गहिरो दुःख व्यक्त गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु । यसैगरी सोही मितिमा दार्मा ५ गौंते निवासी ३० वर्षीय खीमा खत्री खड्काको रहस्मय मृत्युप्रति दुख व्यक्त गर्दै घटनाको

सत्यतथ्य छानबिन गरी सार्वजनिक गर्न र दोषीलाई हदैसम्मको कार्वाही गर्न सम्बन्धित निकाय समक्ष जोडदार माग गर्दछु ।

५. कोभिड १९ को महामारीका कारण भइरहेको जीवनको क्षति र जोखिमलाई मध्यनजर गर्दै दार्मा गाउँपालिकाको सम्पूर्ण श्रोतसाधन र संयन्त्र परिचालन गरी नमुना स्वाब सङ्कलन, उपचार, अक्सिजन आपूर्ति, स्वास्थ्य उपरकण, जनशक्ति र औषधिको व्यवस्थासहित महामारीको न्यूनीकरण तथा प्रतिकार्यमा कुनै कमी हुन नदिन दार्मा गाउँपालिका प्रयत्नरत रहेको छ ।

६. आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्नुअघि विगत चार वर्षसहित सोभन्दा अगाडिको अवस्थाबारे सङ्क्षिप्त रूपमा पुनरावलोकन गर्न चाहन्छु ।

६.१. २०७४ वैशाख ३१ गते स्थानीय तह पहिलो चरणको निर्वाचन सम्पन्न भई दार्मा गाउँपालिकाको स्थानीय सरकार गठन भएको चार वर्ष पूरा भइसकेको छ । स्थानीय सरकार सञ्चालनको आधार तयार गर्दै पूर्वाधार विकास र गत वर्षदेखि कोभिड १९ को महामारीको रोकथाम, नियन्त्रण र व्यवस्थापनमा लाग्नु परेको छ ।

६.२. ठाडो निर्देशन र बिना कानुनी आधार शासन गर्न मिल्दैन । कानुन बनाएर शासन गर्नुपर्छ भन्ने कुरामा हामी दृढ छौं । स्थानीय सरकार सञ्चालनका लागि कानुनी शून्यताको अवस्था थियो । कानुनबिना निर्णयाधार प्रस्तुत गर्न कठिन थियो । यस्तो अवस्थामा पहिलो वर्ष आधारभूत आवश्यक कानुनको निर्माण, रणनीतिक योजना, गुरु योजना एवम् आधार स्तम्भ खडा गर्ने महत्वपूर्ण काम सम्पन्न गरेको यस गरिमामय सभामा स्मरण गराउँछु ।

६.३. दार्मा गाउँपालिकाको स्थानीय सरकार निर्वाचित र जिम्मेवारी प्राप्त गरे यता अत्यावश्यकीय चार दर्जन कानुन निर्माण, पारित र स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ । चालु आर्थिक वर्षमा मात्रै २० वटा अति आवश्यकीय ऐन, नियमावली, कार्यविधि र मापदण्ड पारित र स्वीकृत भई अभिलेख व्यवस्थापन गरी कार्यान्वयनमा ल्याइएको छ ।

६.४. चालु आर्थिक वर्षमा मात्रै दार्मा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, गाउँ शिक्षा ऐन, आर्थिक कार्यविधि नियमित र व्यवस्थित गर्ने ऐन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण र दार्मा गाउँपालिकाको गाउँ प्रहरी ऐन, २०७७ पारित गरी कार्यान्वयनमा ल्याइएको छ । स्वयंसेवक शिक्षक परिचालन, करार कर्मचारी

व्यवस्थापन, विद्यालय लेखापरीक्षण, उद्यमीसँग उपाध्यक्ष कार्यक्रम, मदिरा विक्रीवितरण, व्यवस्थापन तथा नियमन कार्यविधि पनि चालु आर्थिक वर्षमै पारित गरी कार्यान्वयन गरिएको छ । त्यसैगरी लैङ्गिक हिंसा निवारण कोष सञ्चालन मापदण्ड, दार्मा गाउँपालिकामा भवन तथा योजना मापदण्ड पनि पारित गरी कार्यान्वयनमा ल्याइएको छ । दार्मा गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, तालिम व्यवस्थापन तथा सञ्चालन कार्यविधि पनि पारित भएको छ । दार्मा गाउँपालिका कक्षा १ -९ मा विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ पनि पारित गरीं कार्यान्वयनमा ल्याइएको यस सम्मानित सभामा अवगत गराउँछु ।

६.५. कार्यालय सञ्चालनका लागि भौतिक पूर्वाधार विहीनताको अवस्था थियो । सूचना प्रविधिको पहुँचबाट दार्मा गाउँपालिका निकै टाढा थियो । इन्टरनेटबाट हुने अतिआवश्यकीय कार्यालयको काम गर्न इन्टरनेटको जोह गर्न बागचौर नगरपालिकाको थारमारे जानुपर्ने बाध्यता थियो । २०७५ सालमा दैलेख जिल्ला पुगेर एभरेष्ट वायरलेख नेटवर्कसँग सम्झौता गरी दार्मा गाउँपालिकाको फारूला बजारमा वाइफाइ सेवा पुर्याएको स्मरण गराउँछु । हाल दार्मा गाउँपालिको केन्द्र फारुलाबजारका साथै सबै वडाहरू, माध्यमिक विद्यालय र स्वास्थ्य संस्थाहरूमा वाइफाइ सेवा विस्तार गरिएको छ । गाउँपालिकाका कामकाजहरूलाई सफ्टवेयर प्रणालीमार्फत व्यवस्थित गरिएको छ ।

६.६. गाउँपालिकाका कामकाज सहज रूपमा सञ्चालन गर्न जनशक्तिको अभाव थियो । एक जना प्रमुख प्रशासकीय अधिकृतको भरमा मात्रै गाउँपालिकाको सम्पूर्ण कामकाज सञ्चालन गर्नुपरेको अवस्था थियो । जनशक्ति व्यवस्थापनतर्फ हाल हाम्रो यस दार्मा गाउँपालिकामा स्वास्थ्य सेवा बाहेक ३९ जनाको स्थायी दरबन्दी रहेको छ । जसमध्ये प्रमुख प्रशासकीय अधिकृत १ जना, अधिकृत छैठौं ६ जना, सहायक पाँचौं १५ जना र सहायक चौथौ १७ जनाको दरबन्दी रहेको छ । हाल प्रमुख प्रशासकीय अधिकृत १, अधिकृत छैठौं ३, सहायक पाँचौ ६ र सहायक चौथो ७ जना गरी १७ जनाको दरबन्दी रिक्त रहेको छ । स्वास्थ्य सेवातर्फ १६ जनाको स्थायी दरबन्दीमा १६ जना नै स्थायी पदपूर्ति भएको अवस्था छ ।

६.७. मेडिकल अधिकृत, रोजगार संयोजक, सूचना प्रविधि अधिकृत, प्राविधिक सहायक, स्टाफ नर्स, एम.आई.एस. अप्रेटर, लघु उद्यम विकास सहजकर्ता, अ.हे.व., अनमी,

कृषि, पशुसेवा, सवारी चालक, कार्यालय सहयोगी लगायत ६२ जनाको करार दरबन्दी स्वीकृत गरी करार सेवामा परिचालन गरिएको छ ।

६.८. बिना योजना र मापदण्ड विपरीत सडक खोलिएको अवस्था थियो । वस्तुनिष्ट ढङ्गले प्राविधिक लागत अनुमान गरिएको थिएन । DPR बिना उब्जाउयोग्य भूमि र गाउँबस्ती नै उजाड हुने गरी ट्र्याक खोल्ने काम भएको थियो । खानेपानीको हाहाकार थियो । सिंचाइ कुलोहरू पर्याप्त थिएनन् । आकाशे पानीको भर पर्नुपर्ने अवस्था हामी माझ थियो । स्वास्थ्य चौकी सीमित थिए । भएकामा पनि सुविधा ज्यादै न्यून थियो । समुदायको अग्रसरतामा विद्यालय खोल्ने प्रतिस्पर्धा नै थियो । पूर्वाधार, शिक्षक दरबन्दी लगायतका समस्या निकै थियो । त्यसैगरी शैक्षिक गुणस्तर खस्कदो र सिकाइ उपलब्धी न्यून भएको हाम्रो विगतलाई स्मरण गराउँछु ।

६.९. चालु आर्थिक वर्षमा यस दार्मा गाउँपालिकामा दुई वटा सडक आठ किलोमिटर स्तरवृद्धि अर्थात् चौडा बनाउने काम सम्पन्न भएको छ । मौलेखाली सिलिङ्गी भुरुङ्खोला सडक चार किलोमिटर र उम्मगाउँ विष्टगाउँ लाखुरीडाँडा नुवाकोट सडक चार किलोमिटर स्तरवृद्धि गरिएको हो । यसै आर्थिक वर्षमा नौ वटा सडक १३ किलोमिटर ट्र्याक खनिएको छ । ५७ वटा सडकको २ सय ७३ किलोमिटर मर्मत गरिएको छ । हालसम्म १४९ किलोमिटर सडक स्तरवृद्धि र नयाँ निर्माण गरिएको छ । विगत चार वर्षमा ७ सय २७ किलोमिटर सडक मर्मत सम्भार गरिएको छ ।

६.१०. यस आर्थिक वर्षमा खानेपानी तर्फ नौ वटा लिफ्ट खानेपानी आयोजना सम्पन्न गरिएको छ । सिंचाइतर्फ पनि नौ वटा आयोजनाको निर्माण कार्य सम्पन्न भएको छ । यसै आर्थिक वर्षमा ११ वटा आर.सी.सी. भवन र ५ वटा शौचालय निर्माण भएका छन् । वडा नं ४ र ६ मा विद्युत लाइन विस्तार भएको छ भने वडा नं १, २ र ३ को विद्युतीकरणका लागि ७५ लाखको टेन्डर भई सम्झौता भइसकेको छ ।

६.११. चालु आर्थिक वर्षमा दुई वटा झोलुङ्गे निर्माण भएका छन् । एक वटा आर.सी.सी. पुल निर्माण गरिएको छ । सहिद स्मृति रङ्गशालाको निर्माण कार्य भइरहेको छ । पाँच वटा सडक र तीन वटा भवनको डी.पी.आर. चालु आर्थिक वर्षमा सम्पन्न भएको छ ।

६.१२. परम्परागत कृषि प्रणालीले नराम्रोसँग गाँजेको अवस्था थियो । सिंचाइ, मल र उन्नत बिँउको अभाव थियो । कृषकहरू हाल व्यवसायीकरण उन्मुख भएको अवस्था छ । कृषि क्षेत्रको व्यवसायीकरणको कामलाई तीव्रता दिइएको छ । परम्परागत कृषि

प्रणालीलाई आधुनिकीकरण गर्नेमा हाम्रो जोड छ । २०७५ साल यता यस दार्मा गाउँपालिकामा ७० वटा कृषक समूह गठन भई परिचालन भएका छन् । १६ वटा व्यवसायिक कृषक फर्म दर्ता भई क्रियाशील भएको अवस्था छ । १७ जना युवा लक्षित कार्यक्रम र कृषिको यान्त्रीकरणमा जोड दिइ मिनिटेलर लगायतका प्रविधि हस्तान्तरण गरिएको छ । मकै बिउँ उत्पादन कार्यक्रमलाई प्राथमिकता दिन ३० हेक्टर जमीनमा ६ सय केजी विउँ वितरण गरिएको छ ।

६.१३. तरकारी उत्पादनलाई प्रवर्धन गर्न ८ वटा ग्रीन नेटसहित १ सय २२ वटा पलास्टिक घर निर्माण गरिएको छ । वडा नम्बर ५ को बछेला र जलेखर्कमा १ सय ४० रोपनी जग्गामा आलु पकेट क्षेत्र निर्धारण गरी आवश्यक पूर्वाधार निर्माण गरिएको छ । १४० रोपनी जग्गामा आलु बालीको क्षेत्र विस्तार, आलु ग्रेडिङ मेसिन खरिद, रस्टिक स्टोर निर्माण, सिंचाइ पोखरी निर्माण तथा पाइप लाइन विस्तार गरिएको छ ।

६.१४ बेसार पकेट क्षेत्रअन्तर्गत दार्मा १ र ६ मा बेसारको क्षेत्र १ सय ३२ को लागि १ सय ३२ क्विन्टिल बेसारको बीउ खरिद, बेसार बीउ भण्डार सेड निर्माण, सिंचाइ पोखरी निर्माण तथा बजारीकरणका लागि आवश्यक सामग्रीहरू वितरण गरिएको छ । बेसार पकेट क्षेत्र दार्मा ५ मा १ सय ४० रोपनी क्षेत्रफलमा १ सय ४० क्विन्टल बेसार बिउँ भण्डारण सेड निर्माण र बजारीकरणका लागि आवश्यक सामग्री वितरण गरिएकव छ ।

६.१५. दार्मा ४ भल्वौरमा १ सय ४० रोपनीमा सिमीको बीउ उत्पादन क्षेत्र विस्तार हुने प्रक्रियामा रहेको छ । दुई सिंचाइ पोखरी, पङ्खा ३०, बोरा सिलाउने मेसिन १ वटा र बजारीकरणका सामग्रीको व्यवस्थापन गरिएको छ । दार्मा ५ र ६ मा कागती पकेट क्षेत्र कार्यक्रम सम्झौता भइ कार्यान्वयनमा रहेको छ । बाली विरुवामा देखापर्ने रोग तथा किरा नियन्त्रणका लागि विभिन्न किटानाशक तथा किटनाशक विषादी वितरणबाट १ हजार ७ सय ५० कृषकहरूलाई सेवा प्रवाह भएको छ ।

६.१६. तरकारी, खाद्यन्न, पशुपालन र फलफूल पकेट क्षेत्र निर्धारण गरी कृषक प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिएको छ । एक घर एक करेसाबारीलाई निरन्तरता दिइएको छ । १ वटा थ्रेसर मेसिन, ९ वटा मिनी टेलर समूह मार्फत वितरण गरिएको छ । १९ हेक्टर जग्गामा २ हजार ४ सय ५८ केजी गहुँको मूलबीउँ दार्मा ५ लयाँटामा गहुँको बिजवृद्धि कार्यक्रम सञ्चालन गरिएको छ । ३० हेक्टर जग्गामा मकैको मूल बीउँ दार्मा ५ लयाँटा र दार्मा ६ किमुटाकुरामा वितरण गरिएको छ ।

६.१७. दार्मा ४ भल्चौरमा रहेको दिपज्योति तरकारी तथा बीउ उत्पादन कृषक समूहमा रायो ५ केजी, मूला ८५ केजी, सुपर ग्रेन ब्याग ९८ वटा वितरण गरिएको छ। ७५ प्रतिशत अनुदानमा २ हजार प्याकेट कन्या च्याउको बीउ वितरण भइ १ हजार घरधुरी लाभांवित भएका छन्। ८ सय प्याकेट कन्या च्याउको किट वितरण गरी ४० वटा कृषक समूह लाभांवित भएका छन्। गाउँपालिका स्तरमा च्याउ खेती तथा च्याउ विउ उत्पादन तालिम ३२ जनालाई प्रदान गरिएको छ। ९ वटा प्लास्टिक पोखरी १ वटा सिंचाइ पोखरी , चार वटा सिंचाइ पाइप लाइन र सिंचाइ कुलोहरू मर्मत गरिएको छ। ३० वटा भकारो निर्माण गरिएको छ। ४.२ टन गहुँ, ५ टन मकैको उन्नत बिंउ ७५ प्रतिशत अनुदानमा वितरण गरिएको छ।

६.१८. दार्मा गाउँपालिकालाई दुग्ध विकास पकेट क्षेत्र घोषणा गरी कार्यक्रम अगाडि बढाइएको छ। पशु अस्पताल तथा पशु सेवा कार्यालयसँगको सहकार्यमा गत वर्षदेखि कृषि सहकारीमार्फत प्रविधि हस्तान्तरण, अनुदानमा उन्नत जातका भैसी वितरण लगायतका दुग्ध प्रवर्धन, सङ्कलन तथा विक्रीवितरणको काम अगाडि बढाइएको छ। यस अन्तर्गत दार्मा गाउँपालिका वडा नं. १, ५ र ६ को दुध सङ्कलनका लागि भवन निर्माण, २ हजार लिटरको दुई वटा चिलिङ भ्याट खरिद, ६० वटा क्यान खरिद, १५ केभीको जेनेरेटर, मिल्क एनालाइजर, गाडी र ३ सय लिटरको डिफ्रिज, क्रिम सेप्रेटर मेसिन, खानेपानी निर्माण, डेस्कटप कम्प्युटर र प्रिन्टरको व्यवस्था गरिएको छ।

६.१९. दुध निर्यातका लागि यस दार्मा गाउँपालिकाबाट न्यूनतम ६ सय ७० देखि अधिकतम १ हजार १ सय लिटरसम्म दैनिक दुध सङ्कलन हुने गरेको छ। यस वर्ष २ लाख १८ हजार ५ सय ५० लिटर दुध संस्थागत रूपमा निर्यात भएको छ। प्रतिलिटर ४७ रूपैयाका दरले कृषकको १ करोड २७ लाख १ हजार ८ सय ५० रुपैयाँ आम्दानी हुने गरेको छ। फुटकर विक्रीको परिमाण, दही, घ्यू आदि समेत गरी सोभन्दा बढी परिमाणमा उत्पादन हुने गरेको छ। यसलाई संस्थागत गरी बजारीकरण गर्न आवश्यक छ।

६.२०. पशुसेवा तर्फ आर्थिक वर्ष २०७५ /०७६ देखि २०७७/०७८ सम्म ४३ हजार ८ सय ८९ पशुपंक्षीको उपचार गरिएको छ। ६१ वटा समूह गठन गरी परिचालन गरिएको छ। १२ सय २५ केजी जै घाँसको बीउ वितरण गरिएको छ। ९ हजार ५ सय वटा सिडलेस किम्बु, सुपर नेपियर ३५ हजार सेट, मलाटो ३५ हजार ५ सय सेट, कोइरालो

१५ सय गोटा र सुम्बा सेटारिया ४० हजार सेट वितरण गरिएको छ । व्यवसायिक पशुपंक्षी सम्बन्धि तालिम चार पटक सञ्चालन गरिएको छ ।

६.२१. दार्मा गाउँपालिकामा ५५ वटा पशुपालन व्यवसायिक फर्म दर्ता भएका छन् । ६० हजार बाख्रामा पीपीआर भ्याक्सिनेसन लगाइएको छ । २१ वटा बोका वितरण गरिएको छ । तीन वटा पशु सेवा केन्द्र विस्तार गरिएको छ । सात वटा फार्मलाई व्यवसायिक युवा लक्षित अनुदान प्रदान गरिएको छ । यसैगरी दार्मा गाउँपालिका भित्रका सहिद वेपत्ता परिवार र जनयुद्धका घाइते अपाङ्ग योद्धाहरूको भेलाले ६७ सदस्यीय सहिद स्मृति आयआर्जन कृषक समूह गठन गरेको छ । पशुपालन र कृषि क्षेत्रको व्यवसायीक उत्पादनका लागि कार्ययोजना अघि बढाएको छ ।

६.२२. यस दार्मा गाउँपालिकामा २ हजार ७ सय ३८ वटा भैसी रहेका छन् । गाई र गोरूको सङ्ख्या ५ हजार ५ सय दुई र बाख्राको सङ्ख्या २० हजार ५ सय २६ छ । भेडाको सङ्ख्या २ हजार ३ सय ६४ रहेको छ । ब्रोइलर कुखुरा ७ हजार ६ सय ७६ छन् । लेस कुखुरा १ सय ३३ वटा रहेका छन् । गिरीराज कुखुरा भने १०२ वटा रहेका छन् । हाँस ८० वटा छन् । परेवाको सङ्ख्या १ सय ८२ रहेको छ । कुकुर ८ सय १६ रहेका छन् । बिरालोको सङ्ख्या भने २ सय ५३ रहेको छ । खरायो ५८ र बङ्गुर १३ वटा रहेको तथ्याङ्क छ ।

६.२२. शिक्षा क्षेत्रमा पूर्वाधार निर्माणका अतिरिक्त आवधिक शैक्षिक कार्ययोजना अद्यावधिक गरिएको छ । स्थानीय पाठक्रम निर्माण, पाठयोजना सहितका शिक्षण क्रियाकलापमा जोड, प्रविधिमैत्री सिकाइ लगायतका शैक्षिक कार्यक्रममा जोड दिइएको छ । शिक्षालाई श्रम र उत्पादनसँग जोड्दै उद्यमशील र प्रविधिमैत्री बनाउने कुरामा हाम्रो ध्यान केन्द्रित छ । दार्माको माटोसँग परिचित हुन र दार्मामै बसेर स्तरीय जीवनको सम्भावनाको खोजी गर्न हाम्रो दार्मा स्थानीय पाठ्यक्रम कक्षा १-५ मा लागू गरिएको छ ।

६.२३. विद्यार्थी सङ्ख्या अधिक र शिक्षक दरबन्दी न्यून रहेको अवस्था थियो । उक्त समस्या समाधानका लागि बालविकास -१२, प्राथमिक २३, निम्न माध्यमिक २९, माध्यमिक १५, कम्प्युटर सहायक ५ र ल्याव सहायक १ गरी जम्मा ८३ जना स्वयंसेवक शिक्षक छनौट गरी सामुदायिक विद्यालयहरूमा परिचालन गरिएको छ । माध्यमिक विद्यालयहरूमा पाँच वटा कम्प्युटर ICT ल्याव, ५ वटा विज्ञान प्रयोगशाला र

आधारभूत तहका विद्यालयमा ल्यापटप र प्रिन्टर प्रदान गरिएको छ । चालु आर्थिक वर्षभित्रै सबै विद्यालयहरूमा इन्टरनेट जडानको काम अन्तिम चरणमा पुगेको छ ।

६.२४. उत्कृष्टलाई प्रोत्साहन र कामचोर प्रवृत्तिलाई निरुत्साहित गर्नका लागि वर्ष विद्यालय, वर्ष शिक्षक, वर्ष विद्यार्थी छनोट गरी पुरस्कृत गरिएको छ । अनाथ, असहाय बालबालिकालाई शैक्षिक सामग्री तथा अभिभावकत्व ग्रहण गर्ने अभिभावकलाई सम्मान गरिएको छ । विद्यालय उमेर समूहका महिनावारी हुने छात्राहरूका लागि २५ हजार प्याकेट स्यानिटरी प्याड वितरण गरिएको छ । दार्मा गाउँपालिकामा शैक्षिक वर्ष २०७५ को कक्षा ३ को ६०.६९ प्रतिशत, कक्षा ५ को ५५.३२ प्रतिशत, कक्षा ८ को ५६.४२ प्रतिशत सिकाइ उपलब्धि रहेको छ । शैक्षिक वर्ष २०७६ मा दार्मा गाउँपालिकाको कक्षा ३ मा ६०.३0, कक्षा ५ मा ५७.०८ प्रतिशत र कक्षा ८ को ५७.३० प्रतिशत , कक्षा ९ को ४९.१० प्रतिशत सिकाइ उपलब्धी रहेको छ ।

६.२५. स्थानीय लोक कला संस्कृतिको संरक्षण र सम्वर्धन गर्न दर्माली घाउटा पुस्तक प्रकाशन गरिएको छ । भव्य समारोहका बीच दर्माली घाउटा पुस्तक विमोचन गर्नुका साथै उक्त घाउटासँग सम्बन्धित भिडियो समेत सार्वजनिक गरिएको छ । प्रतिभाहरूको सम्मान स्वरूप राष्ट्रिय कलाकार रामु खड्का लगायतका दर्जन बढी स्थानीय प्रतिभाहरूलाई अभिनन्दन गरिएको छ ।

६.२६. स्थानीय स्तरमै जनशक्ति परिचालन र रोजगार सिर्जनाका कार्यक्रमलाई प्राथमिकता दिइएको छ । प्रधानमन्त्री रोजगार र युवा रुपान्तरणका लागि पहल योजना अन्तर्गत चालु आर्थिक वर्षमा ४ करोड ७७ लाख ७१ हजार बजेट प्राप्त भएको छ । यो आर्थिक वर्षमा दार्मा गाउँपालिका रोजगार सेवाकेन्द्रमा EMIS मा सूचीकृत भएका महिला बेरोजगार सङ्ख्या २ हजार २ जना अर्थात ४४ प्रतिशत र पुरुष बेरोजगार सङ्ख्या २ हजार ५ सय ५८ अर्थात् ५६ प्रतिशत गरी ४ हजार ५ सय ५० जना बेरोजगार सूचीकृत भएका छन् ।

६.२७. वडा नं. १ मा ७ सय ४०, वडा नं. २ मा ५ सय ८१, वडा नं. ३ मा ६ सय ८२, वडा नं. ४ मा १ हजार २५, वडा नं. ५ मा ८ सय ४५ र वडा नं. ६ मा ६ सय ७७ जना सूचिकृत बेरोजगार रहेका छन् । चालु आर्थिक वर्षमा वडा नं. १ मा ११ वटा आयोजनामा १ सय ४१, वडा नं. २ मा ३ वटा योजनामा १ सय ३८ जना, वडा नं. ३ मा ५ वटा योजनामा १ सय ५८ जना, वडा नं. ४ मा ८ वटा योजनामा १ सय ८७ जना, वडा नं. ५ मा ७ वटा योजनामा १ सय ४३ जना र वडा नं. ६ मा ७ वटा

योजनामा १ सय ४२ जनालाई रोजगार प्रदान गरिएको छ । जसअनुसार जम्मा ३९ वटा योजनामा ९ सय १४ जनालाई १ सय दिनको रोजगारी प्रदान गरिएको छ । ११ जनालाई काममा खटाइ रोजगारी प्रदान गर्न भने बाँकी रहेको छ ।

६.२८. मुख्यमन्त्री रोजगार अन्तर्गत २ करोड ९२ लाख ११ हजार बजेट प्राप्त भएको छ । वडा नं. १ मा २ वटा योजनामा ८१ जना, वडा नं. २ मा ३ वटा योजनामा १ सय २९ जना, वडा नं. ३ मा ३ वटा योजनामा १ सय २९ जना, वडा नं. ४ मा २ वटा योजनामा १ सय २७ जना, ५ नम्बर वडामा २ वटा योजनामा ७७ जना र ६ नम्बर वडामा २ वटा योजनामा ५९ जनालाई काममा खटाइ रोजगारी प्रदान गरिएको छ । यसरी जम्मा ६ सय २ जना बेरोजगारले १ सय दिनको रोजगारी प्राप्त गरेका छन् ।

६.२९. युवा रुप कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा जम्मा १ हजार ५ सय १६ जनालाई रोजगारी प्रदान गरिएको छ । यसबाट ७ करोड ८३ लाख ७७ हजार २ सय रुपैयाँ रोजगारबाट प्रत्यक्ष आम्दानी भएको छ । आर्थिक वर्ष २०७६/०७७ मा २ हजार ८ सय २५ सूचीकृतमध्ये १ हजार ५७ जनाले रोजगारी पाएका थिए । विभिन्न योजनामा १ करोड ७१ लाखको काम सम्पन्न भएको थियो ।

६.३०. आउदो आर्थिक वर्षका लागि ६ हजार १ सय ९९ जना बेरोजगार रोजगार सेवाकेन्द्रमा सूचीकृत भएका छन् । सूचीकृत भएका बेरोजगार व्यक्तिलाई पहिलो प्राथमिकताक्रम अनुसार भदौ महिनादेखि काममा खटाइ रोजगार प्रदान गर्ने योजना रहेको छ । त्यसका लागि हालसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ६ करोड ८६ लाख २६ हजार प्राप्त भएको छ । जसमा १ हजार १ सय ९० जनालाई काममा खटाइ रोजगार प्रदान गर्न सकिने छ ।

६.३१. विगत चार वर्ष यता महिला बालबालिकासहितका लक्षित वर्गलाई प्राथमिकता दिई विभिन्न कार्यक्रम सम्पन्न गरिएको छ । ४५ जना महिलाहरूका लागि सिलाइकटाइ तालिम प्रदान गरिएको छ । लैङ्गिक, हिंसा निवारण, प्रजनन स्वास्थ्य, सरसफाई र पोषण सुधारका लागि ५ सय ५० जना सासुबुहारीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ ।

६.३२. समाजमा भएका कुरीति, कुप्रथा, लैङ्गिक हिंसा तथा मानव बेचविखन तथा ओसारपसार विरुद्ध २ सय २० जनालाई सचेतना प्रदान गरिएको छ । १ लाख रुपैयाँको लैंगिक हिंसा कोष खडा गरिएको छ । दलित बस्तीमा खरको छानो मुक्त गर्ने

कार्यक्रम अन्तर्गत २४ परिवारको खरको छाना विस्थापित गरी टीनको छाना निर्माण गरिएको छ । अन्तरजातीय विवाह गर्ने १४ जोडीलाई सम्मान गरिएको छ ।

६.३३. जनजाति विशेष कार्यक्रम सञ्चालन गरिएको छ । ४५ जनजाति परिवारका लागि बाख्रा वितरण गरिएको छ । मगर समुदायको पहिचान झल्काउने ४४ जोडा पोशाक वितरण गरिएको छ । जनजातिहरूको तथ्याङ्क सङ्कलन गरी प्रकाशन गरिएको छ । कर्णाली प्रदेशको बैङ्क खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रमका लागि २ सय ५९ जना छोरीको बैङ्कमा खाता सञ्चालन गरिएको छ ।

६.३४. प्रकोप व्यवस्थापन, उद्दार तथा राहतका कार्यक्रमलाई तीव्रता दिइएको छ । चालु आर्थिक वर्षमा ६४ जना विपद् प्रभावित परिवारलाई ४ लाख २७ हजार बराबरको राहत सामग्री प्रदान गरिएको छ । ४१ जना पहिरो पीडित परिवारका लागि १ सय ३७ थान तारजाली उपलब्ध गरिएको छ । विपन्न २ सय १० परिवारलाई चामल, नुन, तेल लगायतका खाद्यन्न सामग्री वितरण गरिएको छ । श्रममा आधारित खाद्यन्न कार्यक्रम मार्फत १ सय ३० जनालाई रोजगारी प्रदान गरी खाद्यन उपलब्ध गराएको छ ।

६.३५. दार्मा गाउँपालिकाभित्र रहेका २४ जना लगायत देश भरिका सहिदहरूको सम्मान र सम्झनामा दार्मा गाउँपालिका स्तरीय सहिद स्मृति रंगशाला निर्माणका लागि खेल मैदान निर्माण कार्य भइरहेको छ । गाउँपालिका र संघीय सरकारको ८२ लाखको लागतमा उक्त खेलमैदानको निर्माण सम्पन्न भइ यो वर्ष थप ३५ लाखको काम भइरहेको गरिमामय सभा समक्ष जानकारी गराउँछु ।

६.३६. डिजिटल दार्माको अवधारणसहित दार्मा गाउँपालिकाको डिजिटल प्रोफाइल तयार गरिएको छ । गाउँपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकी र माध्यमिक विद्यालय लगायतका सार्वजनिक संस्थाहरूलाई प्रविधिमैत्री बनाउन इन्टरनेट इ-हाजिरी लगायतका प्रविधिहरू सञ्चालनमा ल्याइएको छ । डिजिटल नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, जनतासँग स्थानीय सरकार कार्यक्रम, योजना निर्माण, बजेट निर्माण र कार्यान्वयनमा जनसहभागिता, सूचना सम्प्रेषणका लागि विभिन्न रेडियो कार्यक्रम लगायतका जनपक्षीय गतिविधि र कार्यक्रमहरूबाट सुशासनको अभ्यास गरिएको छ ।

६.३७. न्यायिक समिति सक्रिय भएर आफ्नो अधिकार क्षेत्रभित्रका उजुरीहरू मेलमिलापको माध्यमबाट किनारा गरिरहेको छ । आम समुदायमा न्याय र कानुनी शासनको प्रत्याभूति भइरहेको छ । न्यायीक समित गठन भएदेखि हालसम्म न्यायीक समितिमा

२ सय २३ वटा उजुरी परेका छन् । जसमध्ये १ सय ५८ मेलमिलाप भएका छन् । दुई वटा मुद्धाको निरूपण गरिएको छ । सात वटा अदालतमा पठाइएको छ । छ जनाले उजुरी फिर्ता लिएका छन् भने नौ वटा उजुरी स्थगित भएका छन् । दुई वटा उजुरी प्रहरी कार्यालयमा हस्तान्तरण गरिएको छ । हाल प्रक्रियामा ३९ वटा उजुरी रहेका छन् । शान्त, समुनत र न्यायपूर्ण समाज निर्माणका लागि वडा स्तरीय मेलमिलाप समितिलाई थप सक्रिय बनाउनु पर्ने आवश्यक छ । न्याय समितिका लागि जनशक्ति व्यवस्थापनको आवश्यकता महसुस गरिएको छ ।

६.३८. पालिकामा रहेका तीन वटै स्वास्थ्य चौकीको स्तरवृद्धि गरिएको छ । ल्याव सेवा सञ्चालनमा ल्याइएको छ । तीन वटा आधारभूत स्वास्थ्य केन्द्र र दुई वटा सामुदायिक स्वास्थ्य इकाइ विस्तार गरेर प्रभावकारी रुपमा सञ्चालन गरिएको छ । स्वास्थ्य चौकी नभएका बाँकी वडा नम्बर २, ३ र ६ मा भवन निर्माण कार्य सम्पन्न भएको छ । गाउँपालिकाको अनुदानमा एम्बुलेन्स सेवा सञ्चालन भएको छ । गाउँपालिकालाई पूर्ण खोपयुक्त घोषणा गरि पूर्ण खोप सुनिश्चिताको कार्यक्रम अगाडि बढाइएको छ । बहुक्षेत्रीय पोषण कार्यक्रम लागू गरिएको छ ।

६.३९. वडा नम्बर ५ को त्रिवेणी स्वास्थ्य चौकीमा सबुज गण सिमखर्क ब्यारेकको आर्थिक प्राविधिक सहयोगमा प्रसूति भवन निर्माण गरी सेवा सञ्चालनमा ल्याइएको छ । त्यसैगरी वडा नम्बर ३ को फारुलामा बहिरंग सेवा सहितको प्रसुति सेवा भवन निर्माण गरि सेवा सञ्चालन गरिएको छ । उक्त भवनमा एमविविएस डाक्टर नर्स सहितको ५ सैयाको कोभिड विशेष अस्थायी अस्पताल र नागरिक आरोग्यता केन्द्र पनि सञ्चालन गरिएको छ । पालिका स्तरीय अस्पताल स्वीकृति र जग्गा प्राप्ती भई पूर्वाधार निर्माणको काम अगाडि बढेको छ । एक्सरे सेवा पनि सुरु गरिएको छ ।

६.४०. रोजगार सृजनाका अवसरहरूलाई प्राथमिकता दिइएको छ । उद्यम विकासका कार्यक्रमहरूलाई गतिशील बनाउन उद्यम विकास सहजकर्ता नियुक्ति गरी परिचालन गरिएको छ । चालु आर्थिक वर्षमा ८४ जना सम्भावित उद्यमी छनोट गरी प्राविधिक सिप विकास तालिम सञ्चालन गरिएको छ । वडा नं. २ का ११ जना क्रिस्टल गहना बनाउने उद्यमीहरूलाई पुनर्ताजगी तालिम सञ्चालन गरिएको छ । त्यसैगरी वडा नं. ६ का दुई वटा महिला उद्यमी समूहलाई कपडा बुनाइ मेसिन प्रदान गरिएको छ । यस वर्ष उद्यम विकास शाखाको तर्फबाट नयाँ उद्यमी सिर्जनातर्फ ९ लाख ६ सय लगानी गरी ३६ जना नयाँ उद्यमी सिर्जना र ९८ हजार लगानीमा ११ जना भइरहेका उद्यमीहरूको स्तरोन्नती गरिएको छ ।

६.४१. दार्मा १ मा उद्यमशीलता विकास तालिम अन्तर्गत २६ जना, वडा नं. २ मा ११ जना, वडा नं. ४ मा उद्यमशीलता विकास तालिम २१ जना र प्राविधिक सिप विकास तालिममा ११ जनालाई बाँस मुढा बुनाइ प्राविधिक सिप विकास गरिएको छ। वडा नं. ६ मा उद्यमशीलता विकास तालिम अन्तर्गत २२ जना र प्राविधिक सिप विकास तालिम अन्तर्गत १५ जना सम्भावित उद्यमी महिलाहरूलाई ऊनी कपडा बुनाइ प्राविधिक सिप विकास तालिम प्रदान गरिएको छ। प्रविधि सिप विकास हस्तान्तरण अन्तर्गत आठ जना महिला उद्यमीहरूलाई कपडा बुनाइ प्रविधि हस्तान्तरणसहित प्राविधिक सिप विकास र उद्यमशीलता विकास तालिम सम्पन्न गरिएको छ।

६.४२. वन वातावरण, स्वास्थ्य, सरसफाई र जीविकोपार्जनका क्षेत्रमा सकरात्मक प्रयासहरू सुरु भएका छन्। जलाधार तथा जैविक विविधता संरक्षणका लागि वन तथा वन्यजन्तुको सिकार, चोरी निकासी र पैठारीलाई प्रतिबन्ध गरिएको छ। यसबाट जङ्गल क्षेत्र र जङ्गली पशुपंक्षीहरूको वृद्धि भइरहेको छ। वातावरणीय अनुकूलन र जीविकोपार्जन, स्वास्थ्य र सरसफाइका क्षेत्रमा आशा परियोजना नेपाल, रेडक्रस, दलित सेवा संघ सल्यान, हेल्थ फर लाइफ, सु-आहारा, स्वच्छता परियोजना, आसमान नेपाल लगायतका गैरसरकारी संघसंस्थाहरूसँगको सहकार्य पनि अगाडि बढाइएको छ।

६.४३. पालिकाभित्र रहेका धार्मिक पर्यटकीय एवम् पुरातात्विक सम्पदाको संरक्षण सम्वर्धनमा जोड गरिएको छ। मालिका, दार्माकोट, मलिबाङ गुफा, चिप्ले लगायतका पर्यटकीय क्षेत्रको विकासका लागि आवश्यक पूर्वाधारको काम अगाडि बढाइएको छ। दार्मा गाउँपालिकाको सुन्दर प्राकृतिक छटाले भरिपूर्ण मालिका क्षेत्र पर्यटन पूर्वाधार विकासका लागि DPR को कार्य सम्पन्न गरिएको छ। मालिका क्षेत्रमा मन्दिर, पक्की पदमार्ग, प्रतीक्षालय तथा पदमार्ग निर्माण गरिएको छ। महान सहिदहरूको सम्मान र सम्झनामा दार्मा गाउँपालिकाको केन्द्र फारुलामा सहिद स्मृतिद्वार निर्माण गरिएको छ।

६.४४. बालविवाह, छुवाछुत, महिला हिंसा, बाल श्रम शोषण, मदिरा सेवन तथा विक्रिवितरण, अन्धविश्वास, कुसंस्कार, कुरीति लगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्धको हाम्रो संघर्ष पनि जारी छ। अझै यो जटिल समस्याका रुपमा खडा छ। यसका लागि दार्मा गाउँपालिकाले मदिरा व्यवस्थापन तथा नियमन कार्यविधि २०७७ पारित गरी पालिका, वडा र जनस्तरमा अभिमुखीकरण गरी कडाइपूर्वक कार्यान्वयनमा ल्याइएको छ। यसले समाजमा शान्ति सुरक्षा र अमनचयन भएको महसुस गरिएको छ।

६.४५. दार्मा गाउपालिकाबाट कोरोना भाइरस (covid 19) को रोकथाम तथा नियन्त्रणका साथै अनुकरणीय प्रयासहरू भएका छन् । जस अन्तर्गत श्रममा आधारित खाद्यन्न कार्यक्रम पनि एक थियो । त्यसैगरी सहकारीलाई ढुवानी अनुदान दिई सहुलियत दरमा खाद्य सामग्री वितरण लगायतका अभ्यासहरू गरिएको छ ।

६.४६. यस वर्ष वैशाख २१ गते यता ३ सय २४ जनाको पिसिआर परीक्षण गरिएको छ । जसमध्ये १ सय ५० जना पोजेटिभ रहेको छ । हालसम्म एन्टिजेन परीक्षण सङ्ख्या ३ सय १६ मा १ सय १५ जनाको पोजेटिभ रहेको छ । हालसम्म सक्रिय संक्रमित ७८ जना रहेका छन् । पालिकाको आइसोलेसनमा उपचार गराइरहेको सङ्ख्या ८ र होम आइसुलेसनमा रहेको सङ्ख्या ७० रहेको छ । २५ सैयाको पालिका आइसोलेसनबाट निको भइ डिस्चार्ज भएको सङ्ख्या २६ सहित १ सय ८७ जना रहेको छ । दुनै अस्पताल डोल्पामा १ जना पुरुष, सल्ले अस्पताल रुकुम पश्चिममा एक जना महिला, सल्यान अस्पतालमा पोजेटिभ पुष्टि भई उचार गरी घर फर्केका दार्मा ४ भल्चौरका एक जना महिला घरमै र वीरेन्द्र नगर अस्पतालबाट घर फर्कदै गर्दा दार्मा ५ का एक जना पुरुष गरी चार जनाको मृत्यु भएको छ ।

६.४७. दार्मा गाउँपालिकाको फारुलाचौरमा सञ्चालन भएको कोभिड १९ आइसोलेसनमा २१ वटा अक्सिजन सिलिन्डर, चार वटा अक्सिजन कन्सन्ट्रेटर लगायत औषधी, स्वास्थ्य उपकरण, मेडिकल अधिकृत र नर्स सहितका स्वास्थ्यकर्मी, सफाइकर्मी परिचालन गरिएको छ । दार्मा गाउँपालिकाको एम्बुलेन्स र गाउँपालिकाका दुबै गाडी संक्रमित बिरामीहरूलाई ओसारपसार गर्न प्रयोग गरिएको छ । कर्णाली प्रदेश सरकारको विशेष अनुदानमा २० सैयाको कोभिड आइसोलेसन निर्माण कार्य भइरहेको छ ।

६.४८. जिन्सी व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) कार्यान्वयनमा ल्याइएको छ । सार्वजनिक खरिद व्यवस्थापनका लागि E-bidding र सिलबन्दी दरभाउ जस्ता खरिद विधिको माध्यमबाट खरिद प्रणालीमा पारदर्शिता प्रवर्धन गरिएको छ ।

६.४९. यस गरिमामय गाउँ सभाका सदस्यहरू अब म यस दार्मा गाउँपालिकाका विद्यमान चुनौतिहरू विश्लेषण गर्न चाहन्छु :

- बाह्रै महिना चल्ने भरपर्दो गुणस्तरीय सडकको विकास गर्नु ।
- सीमित साधन स्रोत र बजेटबाट असीमित माग र आवश्यकता पूरा गर्नु ।
- विद्युतिकरणका लागि बजेट भएर पनि बजारमा सामग्री अभाव हुनु ।

- विकासका सामान्य पूर्वाधारको जग उठाउदै तीव्र विकासको अपेक्षा सम्बोधन।
- बजेट थोरै तर ठूला लागतका विकासका पूर्वाधार खडा गर्न गर्नुपर्ने आवश्यकता ।
- परम्परागत कृषि प्रणाली।
- समालोचनात्मक नभइ निरपेक्ष आचोलचनात्मक प्रवृत्ति।
- भौगोलिक विकटताका कारण नवीनम सूचना प्रविधिका लागि टेलिफोन लगायत द्रुतगतिको इन्टरनेटको पहुँच विस्तार गर्नु।
- मानव संसाधनका पक्षमा क्षेत्रगत विशिष्टताका आधारमा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्नु।
- स्थानीय स्तरमै व्यवसायीक सम्भावनाको खोजीका लागि प्रोत्साहित गर्नु।

६.५०. हामी चुनौतिबाट डराउनु हुदैन। चुनौतिलाई परास्त गर्ने प्रशस्त सम्भावनाहरू पनि छन्। दार्मा गाउँपालिका भित्र रहेका ती सम्भावनाहरू पनि यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु।

- नेपाली जनताको लामो त्याग र बलिदानीबाट जारी नेपालको संविधानले सुनिश्चित गरेका २२ वटा एकल अधिकारको प्रयोग गर्न पाउनु नै दर्माली जनता र दार्मा गाउँपालिकाका लागि पहिलो अवसर हो ।
- जनयुद्ध र जनआन्दोलनले दर्माली जनतामा ल्याएको राजनीतिक र सामाजिक चेतनास्तरको विकास दार्माको सम्वृद्धि र विकासका लागि अर्को सम्भावना हो।
- कृषि र पशुपालनमार्फत आत्मनिर्भरताका लागि उपयुक्त हावापानी र उचित भू -बनोट ।
- कृषि तथा फलफूलका लागि उर्वर माटो तथा पशुपालनका लागि उचित वन तथा चरण क्षेत्र हुनुले दार्मामा कृषिको व्यवसायीकरणका लागि राम्रो सम्भावना रहेको छ।
- जडिबुटी उत्पादन तथा प्रशोधन केन्द्र स्थापनाका लागि प्रचुर सम्भावना रहेको छ।
- दुग्धजन्य उत्पादन, बेसार, अदुवा, फलफूलजन्य जुसलगायतका कृषिजन्य उद्योग स्थापना ।
- मालिकाबाट प्यारागलाइडिङ तथा केबुलकारको सञ्चालन।
- विभिन्न खानीहरूको खोजी तथा त्यसको उत्खननको सम्भावना पनि हामी माझ रहेको छ।
- ३६ वटा विद्यालय तथा उच्च शिक्षाको लागि एक वटा क्याम्पस हुनुले पनि शैक्षिक तथा प्राज्ञिक जनशक्ति उत्पादनको बलियो आधार हामी सामु रहेको छ।
- संघ र प्रदेश तथा अन्य सरकारी र गैरसरकारी सङ्घ संस्थाहरूसँगको समन्वय र सहकार्यबाट विकासको हातेमालो हुनु हाम्रा लागि अर्को सम्भावना हो ।

७. अब म यस गरिमाय सभा समक्ष आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

८. नेपालको संविधान, २०७२ मा व्यवस्था गरिएका मौलिक हक, निर्देशक सिद्धान्त तथा नीतिहरू, पन्ध्रौ आवधिक योजना, कर्णाली प्रदेश सरकारको आवधिक योजनाको आधारपत्र, दिगो विकास लक्ष्य लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धताहरूलाई समेत आत्मसात गरी त्यसैको मर्मभित्र नीति तय गरिएको छ । सोही अनुसार कार्यक्रम लागू हुनेछन् ।

९. यस आर्थिक वर्षको मुल नारा **'रोकौं महामारी, उठाऔं पूर्वाधार : बढाऔ उत्पादन, बनौं स्वरोजगार'** तय गरिएको छ ।

१०. नयाँ भेरियन्ट सहितको कोभिड १९ महामारी रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारको व्यवस्थालाई प्राथमिकता दिइनेछ । पालिकाभित्र अक्सिजन सिलिन्डर लगायत आवश्यक औषधीजन्य सामग्रीको सहज आपूर्ति र उपलब्धता सुनिश्चित गरि महामारीबाट जनतालाई सुरक्षित राखिनेछ ।

११. सबै नागरिकलाई सुरक्षित राख्न जनस्तरमा मनोसामाजिक परामर्श सहितका सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । आयुर्वेद चिकित्सा तथा घरेलु उपचार विधिबाट रोग प्रतिरोधी क्षमता बढाउने कार्यलाई प्रोत्साहन गरिनेछ ।

१२. **'सुनिश्चित आधारभूत स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायुमा टेवा'** भन्ने नारा अवलम्बन गरिनेछ । त्यसका लागि स्वास्थ्य क्षेत्रको सबलीकरण गर्न पालिकाले आधारभूत स्वास्थ्य सेवा र खोप सेवाको सुनिश्चिता गर्नेछ । औषधी एवम् उपकरणको उपलब्धता, गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य पूर्वाधार विकासलगायतका कार्यलाई प्राथमिकता दिइने छ । त्यसैगरी स्वास्थ्यकर्मीको उपलब्धता, स्वास्थ्यकर्मी तथा स्वास्थ्यसँग सम्बन्धित सबै जनशक्तिको क्षमता विकास गरिनेछ ।

१३. सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, दीर्घ रोगीलाई उपचार तथा नियमित औषधि सेवनको व्यवस्था मिलाइने छ । गाउँपालिका क्षेत्रभित्र दार्मा गाउँपालिकाका गर्भवती महिलाहरूलाई निःशुल्क एम्बुलेन्स सेवा दिइने छ । गाउँपालिकामा स्तनपान कक्ष सञ्चालन गरिनेछ । पोषण कार्यक्रम, स्वच्छ र सन्तुलित आहार सरसफाई र स्वास्थ्य सचेतना, एम्बुलेन्स सेवा, औषधी तथा स्वास्थ्य सामग्री भण्डारण कक्ष जस्ता कार्यक्रमलाई प्राथमिकतामा राखि सञ्चालन गरिनेछ । गुणस्तरीय, आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकहरू विशेष गरि विपन्न, दलित, अपाङ्गता भएका व्यक्ति, महिला,

बालबालिका, सिमान्तकृत, जेष्ठ नागरिक समेतको पहुँच वृद्धि गर्ने कार्यक्रमहरू लागू गरिने छ ।

१४. गाउँपालिकामा क्षेत्रको वस्तुगत अध्ययन गरि आधारभूत स्वास्थ्य सेवा प्रदान गर्नका लागि आवश्यक मानव संसाधन विकास कार्ययोजना तयार गरि प्राथमिकता र आवश्यकताको सिद्धान्तअनुसार क्रमिक रुपमा लागू गर्दै लिइने छ । स्वस्थ जीवनशैलीतर्फ प्रोत्साहन गर्नका लागि समुदाय स्तरमा सामाजिक परिचालनका माध्यमद्वारा स्वास्थ्य जागरण तथा प्रवर्दनात्मक कार्यक्रम जारी गरिनेछ ।

१५. पालिकाको केन्द्रमा बहिरंग सेवा सहितको प्रसुति सेवा दिने उद्देश्यसहित यस आर्थिक वर्षदेखि आधारभूत सुविधासहितको अस्पताल सञ्चालनमा गरिनेछ । पूर्ण सरसफाईयुक्त गाउँपालिकाको कार्यक्रम अगाडि बढाइनेछ । पालिका स्तरको एक सुविधायुक्त अस्पताल बनाउन आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।

१६. पाठ्यपुस्तक रहित पाठ्यक्रम सहित कक्षाकोठामा शिक्षक प्रवेश अभियान सञ्चालन गरिनेछ । विद्यार्थी संख्या अधिक र शिक्षक संख्या न्यून भएका विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात मिलाउन गाउँपालिका स्तरबाट स्वयंसेवक शिक्षक खटाउने कार्यलाई निरन्तरता दिइने छ । नक्साङ्कनको आधारमा विद्यालय समायोजन एवम् पुन: वितरण गरिने छ ।

१७. विद्यालय शिक्षामा नवीनतम सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाइ जोड दिइने छ । सीपमूलक शिक्षाका लागि प्राविधिक धारका विद्यालय सञ्चालनलाई प्राथमिकता दिइ प्रोत्साहन स्वरुप जनशक्ति व्यवस्थापनका लागि अनुदान दिइने छ । हाम्रो दार्मा स्थानीय पाठ्यक्रम २०७७ को मर्मअनुरूप प्रत्येक विद्यालयमा पोषण बगैचा बनाइनेछ । शिक्षकको पेसागत क्षमता प्रवर्धन गर्नुका साथै कार्यसम्पादनमा आधारित पुरस्कार र दण्डको नीति लिइने छ ।

१८. अनुगमनलाई थप प्रभावकारी बनाउन विशेषज्ञ सहितको एकल वा सामुहिक अनुगमन सञ्चालन गरिनेछ । शिक्षक पेसागत विकासका लागि विज्ञ समूह गठन गरी सहयोग प्रदान गरिने छ । विद्यालय शिक्षालई प्रभावकारी बनाउन वर्षमा दुई पटक विद्यालयमा अन्तरक्रिया सुनिश्चित गरिने छ । विद्यालयको अतिरिक्त क्रियाकलाप अनिवार्य गराई गाउँपालिका स्तरीय अतिरिक्त क्रियाकलाप र पढाइ मेला सञ्चालन गरिने छ । विस्तृत अध्ययनसहित दार्मा गाउँपालिकाको शिक्षा नीति बनाइनेछ । अभिभावकको चाहना अनुरुप तल्ला कक्षाहरूमा अङ्ग्रेजी माध्यमबाट पनि पठनपाठन गर्न आवश्यक प्रोत्साहन गरिनेछ ।

१९. सिर्जनशिलतालाई प्रोत्साहन, उत्कृष्टतालाई पुरस्कार र खराबलाई दण्डको नीति अवलम्बन गरिनेछ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रुपमा सम्मान सहित पुरस्कृत गरिनेछ । कार्यसम्पादन न्यून रहेका गैरजिम्मेवार रुपमा प्रस्तुत हुने र पदीय जिम्मेवारी, दायित्व र आचरण विपरित कार्य गर्ने शिक्षक र कर्मचारीलाई दण्डित गरिनेछ । प्रधानाध्यापकसँग कार्य सम्झौता करार गरी थप जिम्मेवार बनाइने छ । राम्रा अभ्यासको अनुकरण र अवलम्बनका लागि शिक्षकहरूलाई भ्रमणको व्यवस्था मिलाइने छ ।

२०. सबै विद्यालयहरूमा इन्टरनेट सेवा विस्तार गरिनेछ । सबै विद्यालयहरूमा इ-हाजिरी जडान गरी शिक्षक कर्मचारीको उपस्थिति प्रतिशत वृद्धिबाट थप जिम्मेवार र लगनशील बनाइने छ । बालविकास कक्षालाई प्रविधियुक्त बालमैत्री बनाउदै लिइने छ । प्रत्येक वडामा नमुना बालविकास कक्षा बनाउन स्मार्ट टीभीसहितको प्रविधियुक्त बनाइने छ । संघीय कोटाका बालविकास शिक्षकहरूको तलबमा मासिक रूपमा ७ हजार र लेखा सहायक र कार्यालय सहयोगीहरूको अपुग रकम थप गरी मासिक १५ हजार तलब पुर्याइने छ ।

२१. साहित्य, कला, संस्कृति, सङ्गीत, अभिनय र खेलकुद जस्ता सिर्जनशील क्षेत्रमा युवाको संलग्नतालाइ प्रोत्साहन गरिनेछ । समाजमा विद्यमान गरिबी, अशिक्षा, छुवाछुछ, कुरीति, लैंगिक हिंसा, विभेद र विषमता जस्ता समस्या हटाउन युवा परिचालन गर्ने नीति लिइने छ ।

२२. गत आर्थिक वर्षमा रकम अभाव र कोभिड-१९ का कारण सम्पन्न हुन नसकेका नयाँ र क्रमागत योजनालाई प्राथमिकतामा राखिनेछ । उत्पादन बढ्ने र रोजगार सिर्जना हुने योजना तर्जुमा गरिनेछ ।

२३. खानेपानीको चरम समस्या रहेको बस्तीहरूमा संघ, प्रदेश र स्थानीय सरकारसँगको सहकार्यमा योजना सञ्चालन गरिने छ । यसका लागि आवश्यक नीति नियम र कार्यविधिको विकास गरिने छ ।

२४. खानेपानी र सिंचाइका नयाँ र साना योजना निर्माणमा प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरिनेछ । त्यसका लागि निर्माण सामग्री गाउँपालिकाले उपलब्ध गराउने र श्रमको काम प्रधानमन्त्री र मुख्यमन्त्री रोजगारबाट परिचालन गरिनेछ ।

२५. खानेपानी सुरक्षा आयोजना सञ्चालन गरिनेछ । निर्माण सम्पन्न भइसकेका खानेपानी आयोजनाहरू उपभोक्तामा हस्तारण गरिनेछ । तिनको संरक्षण तथा मर्मत सम्भार गर्न उपभोक्ताहरूको संगठित संस्था बनाई कोष सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

२६. वि.सं. २०७८ लाई **'दार्मा उज्यालो'** वर्षका रूपमा मनाइने छ । संघ, प्रदेश र स्थानीय सरकारको संयुक्त प्रयास र लगानीमा दार्मा गाउँपालिकाभित्र शाखा लाइन विस्तार कार्यलाई तिव्रता दिई आर्थिक वर्ष २०७७/०७८ भित्र पूर्ण विद्युतीकरणको प्रक्रिया अघि बढाइनेछ ।

२७. संघ, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्य गरि मुख्य सडकबाट दार्मा गाउँपालिकाको केन्द्रसम्म आउने सडक स्तरवृद्धि र सडक पुलको निर्माण कार्यलाई प्राथमिकता दिइने छ । हरित कृषि सडक सञ्जालको नीति अवलम्बन गर्दै हरितकृषि सडक निर्माण गरिने छ । सडकको नयाँ ट्याक भन्दा खुलिसकेका ट्र्याकहरूलाई स्तरोन्नति गर्न जोड दिइने छ । पालिकाभित्र सडक, फिल्ड लगाएत भौतिक निर्माणको लागि प्रयोग हेभी इक्विबम्यान्ट औजार प्रयोग गरि काम गरेवापत कानुन बनाइ कर लिइने छ । सडक निर्माण तथा स्तरोन्नती गर्दा कम्तिमा ४० प्रतिशत संरचनाको कार्य विनियोजन गरी दीगो विकासको शुरुवातको साथै प्रत्यक्ष रोजगारीलाई बढुवा दिइनेछ । सडकको दीगो व्यवस्थापनको लागि वायोइन्जिनियरिङ्ग प्रविधिलाई अङ्गिकार गरिने छ । सडक आसपासमा वृक्षारोपणमा स्थानीय समुदायलाई परिचालन गरिनेछ ।

२८. सडक पूर्वाधार निर्माण लगायतका कार्य गर्दा भत्किएका सिंचाइ कुलो तथा खानेपानी संरचनाको वडाको सिफारिसमा प्राविधिक इस्टिमेट उठाइने छ । तत्काल मर्मतका लागि आवश्यक निर्माण सामग्री खरिद गरि गाउँपालिकाले उपलब्ध गराउनेछ । श्रमदानको काम सम्बन्धित उपभोक्ताहरूलाई गराइने छ ।

२९. नेपाल भूकम्पको जोखिममा रहेको विश्वको ११ औं मुलुक हो । यो क्षेत्र पनि भूकम्पको उच्च जोखिममा छ । भवन लगायतका भौतिक संरचनाहरू भूकम्प प्रतिरोधी बनाउन आवश्यक छ । यसका लागि सिकर्मी र डकर्मीहरूलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ । भवन आचारसंहितालाई कडाइका साथ लागू गरिने छ । प्रकोपबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सचेतना, उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिने छ । भवनलगायतका संरचना निर्माणका लागि नक्सापास गरेर मात्र संरचना बनाउनुपर्ने कार्यलाई कडाइपूर्वक लागू गरिनेछ ।

३०. DPR भइसकेका सडक पुल र झोलुङ्ग पुलमा आवश्यक बजेट विनियोजनका लागि विशेष पहल गरिनेछ । पुल बनाउन आवश्यक ठाउँहरूमा DPR को काम अगाडि बढाइने छ ।

३१. खेलकुदको विकास र प्रवर्धनका लागि खेलकुद पूर्वधारको विकास गरिने छ । खेलमैदान निर्माण भइरहेको सहिद स्मृति रंगशालामा पालिका स्तरको कबड हल निर्माणका लागि पहल गरिनेछ । एक वडा एक खेलमैदान निर्माणका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने छ । युवाहरूका लागि व्यवसायीक योजना तथा सकरात्मक सोच सम्बन्धी अभिमुखीकरण गरिने छ । शारीरिक वृद्धि विकासका लागि खेल र किशोरीहरूका लागि आत्मा रक्षा तालिम प्रदान गरिने छ ।

३२. सूचना सञ्चार प्रविधिको सहज र गुणस्तरीय पुहँच पुग्न नसकेको यस दार्मा गाउँपालिकामा गुणस्तरीय फोन सेवा र इन्टरनेटका लागि सम्बन्धित निकायलाई विशेष पहल गरिनेछ । इन्टरनेट सेवालाई द्रुत गतिमा सञ्चालन गर्न Air Fiber device जोडिने छ । शीघ्र 4G सहितको इन्टरनेट जडान र टेलिकम टावर निर्माणका लागि पहल गरिनेछ । राजश्व सङ्कलनमा पारदर्शी र विश्वसनीय बनाउन सफ्टवेयर प्रयोगमा ल्याइने छ । योजना र दर्ता चलानीमा पनि सफ्टवेयरको प्रयोग गरी कार्यालयको कामकाजलाई सहज र व्यवस्थित बनाइने छ ।

३३. मानव संसाधान अन्तर्गत कर्मचारीहरूको क्षमता विकासको अवसर प्रदान गरिने छ । सङ्घीय सरकारको घोषणा अनुरुप स्थानीय सेवाका स्थायी कर्मचारीहरूको मासिक २ हजारका दरले तलबवृद्धि गरिने छ । पर्यटन प्रवर्धन र विकासका लागि १२ दिन बराबरको तलबसहितको कर्मचारी भ्रमणको व्यवस्था मिलाइने छ । उत्कृष्ट कर्मचारी सम्मानका लागि आवश्यक कार्यविधि बनाई तोकिएको मापदण्डको आधारमा प्रत्येक वर्ष उत्कृष्ट तीन जना कर्मचारी सम्मान गरिने छ ।

३४. बालविवाह, छुवाछुत, महिला हिंसा, बाल श्रम शोषण, मदिरा सेवन तथा विक्रिवितरण, अन्धविश्वास, कुसंस्कार, कुरीति लगायतका सामाजिक सांस्कृतिक विकृति विसङ्गति विरुद्ध सामाजिक सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गरिनेछ ।

३५. डिप्रेसन र आत्महत्या पनि जटिल सामाजिक समस्याका रुपमा रहेकोले मनोपरामर्श र जीवनप्रतिको आशा जगाउन पहल गरिनेछ । सामाजिक संस्कृति रुपान्तरणका लागि संर्घष गरिरहेका अभियान्ताहरूलाई प्रोत्साहन, अपराधजन्य क्रियाकलापलाई निरुत्साहित र दण्ड सजायलाई थप प्रभावकारी बनाइने छ ।

३६. उत्पादन मार्फत स्वरोजगार सिर्जना र उद्यम विकासका लागि सहकारी संस्था/कृषक समूह/युवा समूह/ निजी फ़र्म मार्फत कृषिजन्य उत्पादन र कृषिजन्य लघु उद्यम सञ्चालनका लागि कानुन बनाई विशेष अनुदान दिइनेछ ।

३७. कृषिमा चक्लाबन्दी गर्न प्रोत्साहन गर्दै समूह र सहकारी खेतीमा आधारित बजारमुखी उत्पादन गर्न प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. दार्मा गाउँपालिका पशुपालन व्यवसायका लागि राम्रो सम्भावना बोकेको गाउँपालिका हो । पशुपालन व्यवसायको प्रवर्दधन र विकास गर्न दार्मा गाउँपालिकालाई दुग्ध पकेट क्षेत्रका रूपमा विकास गरिनेछ । पशुमा नश्ल सुधारका लागि कृत्तिम र प्राकृतिक गर्भाधारणलाई व्यवस्थित र नतिजामुखी बनाइनेछ ।

३९. रोजगार सिर्जना, खाद्यन्नमा आत्मनिर्भर, गरिवी र भोकमारी अन्त्यका लागि जमीनको सही सदुपयोग हुन आवश्यक छ । **'बारीका पाटा र खेतका गरा : बनाऔं सबै र सधैं हराभरा'** भन्ने नारासहित कृषकहरूलाई सदाबहार कृषिजन्य उत्पादनका लागि प्रोत्साहन गरिनेछ । त्यसका लागि बाँझो जग्गा राख्ने कार्यलाई निरुत्साहित गर्दै ठाउँ सुहाउदो खेती गर्न प्रोत्साहन गरिने छ ।

४०. कृषि हाम्रो जीवन जीउने आधार हो । कृषि र पशुपंक्षी व्यवसायको प्रवर्धन गरी स्वरोजगार सिर्जना गरेर मात्रै धेरै मात्रामा बेरोजगारी सङ्ख्या न्यूनीकरण गर्न सकिन्छ । कृषि तथा पशुपंक्षी क्षेत्रलाई व्यवसायिक बनाउन उत्पादन तथा विक्रि परिमाणमा आधारित प्रोत्साहन दिने कार्यक्रम सञ्चालन गरिने छ ।

४१. विपन्न नागरिकहरूका लागि खाद्यन्न लगायतका दैनिक उपभोग्य सामग्री सुपथ र सहज रूपमा उपलब्ध गराउनु स्थानीय सरकारको पनि दायित्त्व हो । त्यसका लागि सहकारी संस्थाहरू मार्फत प्रत्येक वडामा एक / एक गोटा सुपथ मुल्यका खाद्य डिपो सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।

४२. प्रत्यक्ष रोजगारीको अभावमा बेरोजगार हुनेको सङ्ख्या अधिक छ । दार्मा गाउँपालिभित्र रहेको बेरोजगारी समस्या हल गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम, युवा रुपान्तरण परियोजना र मुख्यमन्त्री आयआर्जन कार्यक्रमबाट रोजगारका अवसर प्रदान गरिने छ । उक्त रोजगार कार्यक्रममा भौतिक पूर्वाधार निर्माणका अतिरिक्त उत्पादन र लघु उद्यमका क्षेत्र थप गरी रोजगारमा परिचालन गरिने छ ।

४३. सबै करदाताहरूलाई करको दायरामा ल्याउन करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । कर सङ्कलनको कार्यलाई सरल, सहज, सुलभ र कदरदाता मैत्री बनाइनेछ ।

५०. पहिरो, आगलानी, चट्याङ लगायतका प्राकृतिक विपद्को जोखिमबाट दार्मा गाउँपालिका पनि मुक्त हुन सक्ने अवस्था छैन । प्राकृतिक विपदबाट हुने क्षतिलाई न्यूनीकरण गर्न विपद् पूर्वतयारी, उद्धार तथा राहतको शीघ्र व्यवस्था मिलाइनेछ ।

५१. विपन्न, अतिअशक्त, अपाङ्गता र पूर्ण अशक्त अपाङ्गता, बेचविखनमा परेका महिला, बालबालिका, वेवास्तामा परेका जेष्ठ नागरिकको हित र कल्याण तथा स्वास्थ्य उपचारका लागि आर्थिक सहायता प्रदान गरिने छ । त्यसैगरी सामाजिक सेवाको भावले नेपालको संविधान र नेपाल सरकारको हित विपरीत नहुने गरी गठन भइ सामाजिक हित र प्रवर्दधनका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने युवा समूह, युवा क्लव, अन्य सामुदायिक समूहलाई पनि आर्थिक सहायता गरिने छ । उक्त कल्याणकारी कार्य अन्तर्गत गाउँपालिका अध्यक्षबाट प्रदान गरिने आर्थिक सहायता कोष सञ्चालन कार्यविधि, २०७७ बमोजिम बढीमा ३० हजारसम्म आर्थिक सहायता प्रदान गरिनेछ ।

५२. राजनीतिक व्यवस्था र अवस्था परिवर्तनका लागि सहिद, बेपत्ता, जनयुद्धका घाइते, अपाङ्गहरूको योगदान सदा प्रशंसनीय र उच्च छ । जनयुद्ध / जनआन्दोलनका सहिद परिवारहरू, बेपत्ता योद्धा परिवार, घाइते, अपाङ योद्धाहरू, पूर्व जनमुक्ति सेनाका योद्धाहरू लगायत मुक्ति र परिवर्तनका लागि योगदान पुर्याएका विशिष्ट व्यक्तिहरूलाई सम्मान, सामाजिक पुर्नस्थापना, सिप विकास तथा आयमूलक कार्यक्रमहरूमा प्राथमिकता दिइनेछ । जनयुद्धका सहिद र वेपत्ताका छोराछोरीहरूलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गरिनेछ । जनयुद्धका सहिद र वेपत्ताका आमा, बुवा, श्रीमान / श्रीमती र छोराछोरीको हकअधिकार हुनेगरी प्रति परिवार मासिक रूपमा रु. १०००। (एक हजार) का दरले सहिद परिवार सामाजिक सुरक्षा भत्ता प्रदान गरिने छ ।

५३. तुलनात्मक रुपमा दलितहरू आर्थिक रुपले विपन्न भए पनि उनीहरू सिपका धनी छन् । उनीहरूको परम्परागत पेसालाई आधुनिकिकरण र व्यवसायीकरण गर्दै लिइने छ । अव्यवस्थित दलित बस्तीलाई योजनावद्ध रुपमा नमुना बस्ती विकास कार्यक्रम सञ्चलान गरिनेछ । मानव अधिकारको विश्वव्यापी मान्यता अनुरुप दलित अधिकारको संरक्षण गर्ने र जातीय छुवाछुत तथा भेदभाव जस्ता अमानवीय गतिविधिलाई निरुत्साहित गर्न सचेतना कार्यक्रमहरू सञ्चालन गरिनेछ । अन्तरजातीय विवाहलाई प्रोत्साहन गरिनेछ ।

५४. जेष्ठ नागरिक अनुभवका खानी हुन् त्यसैगरी ज्यूदो इतिहास पनि । सीमान्तकृत वर्ग तथा समुदायको उत्थानका लागि सरकार सचेत र जिम्मेवार बन्नुपर्छ । त्यसका लागि परिचयपत्रका आधारमा घाइते अपाङ्ग, अतिविपन्न, दलित, जनजाति, ७५ वर्ष माथिका जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, सहिद वेपत्ता परिवार, सामाजिक

४४. 'स्वच्छ वातावरण, स्वस्थ जीवन' हरियाली दार्माको अभियान सञ्चालन गरिनेछ । जलाधार क्षेत्र र पानीका मुहानहरूको संरक्षणका लागि वृक्षारोपण अभियानका साथै वन तथा वन्यजन्तु विशेष सुरक्षित क्षेत्रको विकास गरिनेछ । सामुदायिक वन संरक्षण कार्यलाई थप जिम्मेवार बनाउन पालिका वनरक्षक खटाइने छ । जलवायु अनुकूलन योजना बनाइनेछ ।

४५. वन तथा वातावरण जोगाउन तथा घरभित्रको धुँवा नियन्त्रण गरि भान्छामा काम गर्ने महिलाहरूको स्वास्थ्यमा पर्ने असरलाई न्यूनीकरण गर्न धुँवारहित चुलो बनाउने कार्यलाई प्रोत्साहन गरिनेछ । गाउँको बीच भागमा उचित स्थान छनोट गरी वरपीपल रोप्ने, संरक्षण गर्ने र चौतारी निर्माण तथा मर्मत सम्भारको कार्यमा स्थानीय समुदायलाई परिचालन गरिने छ ।

४६. भौतिक संरचनाहरू निर्माण गर्दा बालमैत्री, अपाङमैत्री, वातावरणमैत्री बनाउन विशेष ध्यान दिइनेछ । पूर्वाधारको विकास गर्दा हुनसक्ने भू-क्षयलाई कम गर्नका लागि बायोइन्जिनियरिङ पद्धतिलाई अवलम्बन गरिनेछ ।

४७. वातावरणमैत्री विकासमा हामी सबै सचेत र सजक बन्नुपर्ने अवस्था आएको छ । विकास गर्दा महत्वपूर्ण सम्पदाको संरक्षणमा सचेत बन्नुपर्दछ । त्यसका लागि पर्यटकीय जङ्गल, पानीका मुहान भएका, धार्मिक पुरातात्विक र वातावरणीय अनुकूलनका क्षेत्रहरूमा डोजर प्रयोग नगरी श्रम परिचालनमार्फत पदमार्गहरू निर्माण गरिनेछ । गाउँको बीच भागमा उचित स्थान छनोट गरी वरपीपल रोप्ने, संरक्षण गर्ने र चौतारी निर्माण तथा मर्मत सम्भारको कार्यमा स्थानीय समुदायलाई परिचालन गरिने छ ।

४८. आर्थिक आर्यआर्जन, संस्कृतिको आदानप्रदान तथा स्वफूर्तिका लागि पर्यटन आवश्यक छ । दार्मा गाउँपालिकामा पनि पर्यटन प्रवर्धनको राम्रो सम्भावना रहेको छ । मालिका, दार्माकोट, मलिबाङ, गुफा, वादने, चिप्ले, त्रिवेणी, ढाकाडामकोट, मैनेरी लगायतका क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरि पर्यटनको आकर्षक गणतव्यका रूपमा विकास गरिनेछ ।

४९. साहित्य, कला, धार्मिक तथा सांस्कृतिक सम्पदा हाम्रा मौलिक पहिचान हुन् । त्यसैले परम्परागत धर्म, संस्कृति, कला, लोक संगीत, जनसङ्गीत, पुरातात्विक सम्पदाहरूको संरक्षण तथा जगेर्ना गरिनेछ । धार्मिक, प्राकृतिक, ऐतिहासिक एवम् सांस्कृतिक महत्वका धरोहरहरूको मर्मत, संरक्षण र विकासमा जोड दिइनेछ ।

परिवर्तनका लागि योगदान गर्ने विशिष्ट व्यक्तिहरूलाई सेवा सुविधाहरूमा प्राथमिकता तथा शुल्कमा विशेष छुट दिइनेछ ।

५५. समाजमा शान्ति र अमनचयन कायम हुन कोही पनि हेपिएको र चेपिएको महसुस हुने वातावरण सिर्जना हुनुहुदैन । आफ्नो क्षेत्राधिकारभित्र रही विवादको दीगो समाधान जीत जीतको अवस्था सिर्जनाका लागि मेलमिलापका कार्यलाई प्राथमिकतामा राख्नु सान्दर्भिक हुन्छ । त्यसका लागि न्यायिक समितिलाई थप क्रियाशिल बनाई मेलमिलापको माध्यमबाट न्याय सम्पादनलाई छिटोछरितो, पारदर्शी र विश्वसनीय बनाइनेछ ।

५६. शान्ति सुरक्षालाई थप मजबुद बनाउ र गाउँपालिकाको क्षेत्राधिकारका कार्यक्रम कार्यान्वयनमा गाउँ प्रहरीको भूमिका महत्वपूर्ण हुन्छ । नागरिक सुरक्षा, न्यायिक समितिका फैसला कार्यान्वयन, सार्वजनिक सम्पतिको सुरक्षा तथा विपद् र विकास निर्माणमा परिचालन हुने गरि दार्मा गाउँपालिकाको गाउँ प्रहरी ऐन, २०७७ बमोजिम गाउँ प्रहरी गठन गरी परिचालन गरिनेछ ।

५७. फरक क्षमता भएका नागरिक तथा बालबालिकाहरूका लागि स्थानीय सरकार पनि जिम्मेवार छ । अपाङ्गता भएका नागरिक र अनाथ, असाहय बालबालिका र बाल क्लवहरूका लागि सिफारिसहरू नि:शुल्क गरिनेछ भने पञ्जीकरण सेवालाई थप सुविधाजनक बनाउदै लगिनेछ ।

५८. आमाबाबु जीवनदाता हुन् । आमाबाबुप्रति छोराछोरीको जिम्मेवारी र उत्तरदायित्वबाट पन्छिने गलत प्रवृत्तिलाई निरुत्साहित गर्न आवश्यक छ । त्यसका लागि आमाबुवाको सम्मान र सामाजिक सुरक्षालाई परिवारस्तरबाटै सुव्यवस्थित गर्न प्रोत्साहन गरिनेछ ।

**धन्यवाद !**